# शिवराज राजपत्र

शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ८ संख्याः २२ मितिः २०८१।१०।०८

**भाग-१**

शिवराज नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम शिवराज नगरसभाले यो **छाडा पशु चौपाया संरक्षण तथा व्यवस्थापन ऐन २०८१** जारी गरेको छ ।

# छाडा पशु चौपाया संरक्षण तथा व्यवस्थापन ऐन २०८१

**नगर सभाबाट स्वीकृत मितिः २०८१।०९।२५**

**प्रस्तावना:**

बढ्दो शहरीकरण र जमिन खण्डिकरणका कारण घरपालुवा चौपाया छाडा छोड्ने तथा जङ्गली चौपायाहरु बढ्दै गएको र छाडा चौपायाको  कारण विभिन्न गम्भिर प्रकारका रोग लाग्न सक्ने, मानव जिवनमा क्षति पुर्याउने, चौपायाका कारण बाली नष्ट गरिदिने, सवारी दुर्घटना भई मानव क्षति हुने क्रम बढ्दै गइरहेकाले शिवराज नगरपालिका क्षेत्र भित्रका छाडा चौपायको संरक्षण तथा व्यवस्थापन गर्न बाञ्छनिय भएकोले,

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी शिवराज नगरपालिकाले यो ऐन बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस ऐनको नाम **"छाडा पशु चौपाया संरक्षण तथा व्यवस्थापन ऐन २०८१"** रहेको छ ।

(२) यो ऐन नगरसभाबाट स्वीकृत भए पश्चात प्रारम्भ हुनेछ ।

**२. परिभाषा:**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "प्रमुख" भन्नाले शिवराज शिवराज नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

(ख) "नगरपालिका" भन्नाले शिवराज नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) "वडा" भन्नाले शिवराज नगरपालिकाको वडा सम्झनु पर्दछ ।

(घ) "कार्यपालिका" भन्नाले शिवराज नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शिवराज नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(च) "सभा" भन्नाले शिवराज नगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ ।

(छ) "घरधनी" भन्नाले छाडा चौपायाको धनी वा मालिकलाई सम्झनु पर्दछ ।

(ज) "छाडा चौपाया" भन्नाले स्थानीय घरधनिले खरिद गरी वा स्वतस्फूर्त रुपमा कम्तीमा एक हप्ता सम्म आफ्नो रेखदेख, नियन्त्रण वा सम्पर्कमा रहेको र खुरल्ला रुपमा सार्वजनिक रुपमा छोडिएको गाई, भैंसी, राँगा, गोरु, कुकुर, बाच्छा, बाच्छी, हात्ती, बाख्रा, सुँगुर बंगुर, खच्चड घोडf वा अन्य घरपालुवा जनावरलाई सम्झनु पर्दछ ।

(झ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम भन्ने सम्झनु पर्दछ ।

(ञ) "क्षतिपूर्ती" भन्नाले छाडा चौपायाका कारण हुने हानी नोक्सानीको बदलामा तिर्नुपर्ने जरिवानालाई जनाउँछ ।

(ट) "हानी नोक्सानी" भन्नाले छाडा चौपायाका कारण हुने क्षतिलाई सम्झनु पर्दछ।

(ठ) "समिति" भन्नाले यस ऐनको दफा ५ बमोजिम गठन भएको छाडा चौपाया संरक्षण तथा व्यवस्थापन समिति सम्झनु पर्दछ ।

## परिच्छेद - २

## छाडा चौपाया व्यवस्थापन सम्बन्धी व्यवस्था

**३. छाडा चौपाया सम्बन्धि व्यवस्था**

(१) नगरपालिका भित्रका छाडा चौपायाको व्यवस्थापन देहाय बमोजिमका कुनै विधिबाट नगरपालिकाले गर्न सक्नेछ ।

क) नगरपालिका आफैले गौशाला र जनशक्ति व्यवस्थापनको माध्यमबाट ।

ख) कुनै दर्तावाला संघ संस्था, सहकारी समूहसँग प्रचलित कानुन बमोजिम सम्झौता गरी ।

(२) घरधनीले आफूले पालेका चौपायाले अरुलाई हानी नोक्सानी वा वातावरणमा नकारात्मक असर नपर्ने गरी पाल्नुपर्नेछ। घरपालुवा चौपायालाई कुनैपनि स्थानमा छाडा रुपमा छोड्न पाईनेछैन ।

(३) घरधनीले आफूले पालेका घरपालुवा चौपाया आफ्नो नियन्त्रणमा राखी चराउन वा डुलाउन सक्नेछ । तर उसको कारण कसैको पनि हानी नोक्सानी हुने, असर पर्ने र वातावरण बिग्रने हुनु हुँदैन ।

(४) नगरपालिका क्षेत्र भित्रका कुनैपनी स्थानमा छाडा चौपाया छाडेको अवस्थामा नगरपालिकाले कारवाही वा जरिवाना गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिमको छाडा चौपाया छोडे वापत जरिवाना वा क्षतिपूर्ती नगरसभाले तोके बमोजिम हुनेछ ।

(३) छाडा चौपायाको व्यवस्थापन एवं संरक्षण गर्ने निकायको दर्ता, नविकरण तथा स्विकृती सञ्चालन सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद - ३

## छाडा चौपाया संरक्षण तथा व्यवस्थापन

**५. छाडा पशु चौपाया संरक्षण तथा व्यवस्थापन समिति:**

(१) छाडा पशु चौपाया संरक्षण तथा व्यवस्थापनको कार्य गर्न शिवराज नगरपालिकामा एक छाडा चौपाया संरक्षण तथा व्यवस्थापन समिती रहनेछ ।

(२) उपदफा(१) बमोजिम समितीमा देहाय बमोजिमका सदस्यहरु रहनेछन् ।

| | | |
|---|---|---|
| (क) | शिवराज नगरपालिकाका नगर प्रमुख | संयोजक |
| (ख) | शिवराज नगरपालिकाका नगर उप प्रमुख | सदस्य |
| (ग) | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (घ) | कृषि विकास समिति संयोजक | सदस्य |
| (ङ) | पशु सेवा शाखा प्रमुख | सदस्य सचिव |

(३) समितीले सम्बन्धीत क्षेत्रको विशेषज्ञ वा अन्य व्यक्तिलाई समितीको बैठकमा आमन्त्रण गर्न सक्ने छ ।

(४) समितीको बैठक सम्बन्धी अन्य कार्यविधी समिती आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितीले यस ऐनको उदेश्य कार्यान्वयन गर्न आवश्यकता अनुसार विभिन्न उप समितिहरु गठन गर्न सक्नेछ ।

(६) समितिको सचिवालय नगरपालिकाको पशु क्षेत्र हेर्ने शाखामा रहनेछ ।

**६. समितिको काम कर्तव्य र अधिकार:**

यस ऐनमा अन्यत्र व्यवस्था भए देखि बाहेक समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) स्थानीय स्तरमा छाडा पशु चौपाया संरक्षण तथा व्यवस्थापन गर्न आवश्यक निति तथा योजना तर्जुमा गर्ने ।

(ख) छाडा चौपाया संरक्षण तथा व्यवस्थापन गर्न संघिय,प्रादेशिक तथा सम्बन्धीत अन्य निकाय सँग समन्वय र सहकार्य गर्ने ।

(ग) छाडा चौपाया संरक्षण तथा व्यवस्थापन गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने।

(घ) छाडा चौपाया संरक्षण तथा व्यवस्थापन गर्ने सम्बन्धमा कार्यक्रम संचालन गर्ने ।

(ङ) छाडा चौपाया संरक्षण तथा व्यवस्थापन गर्न आवश्यक पर्ने सीप, प्रविधी तथा अन्य आवश्यक विषयको उचित व्यवस्था गर्न प्रवर्द्धनात्मक कार्यहरु गर्ने ।

(च) छाडा पशु चौपाया संरक्षण तथा व्यवस्थापन कोषको स्थापना र सञ्चालन गर्ने ।

(छ) नगरपालिकाले तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

(ज) छाडा चौपाया व्यवस्थापन गर्न जग्गाको प्रबन्ध मिलाउन पहल गर्ने ।

**७. छाडा पशु चौपायाबाट हानी नोक्सानीको क्षतिपूर्ती सम्बन्धी व्यवस्था:**

(१) नगरपालिका भित्र कसैले चौपाया छाडा छाडेको खण्डमा त्यसबाट हुने क्षतिको पूर्ती निम्नअनुसार हुनेछ ।

(क) छाडा चौपायाबाट हुने बालि नाली र अन्य नोक्सानीको मूल्याँकन गरी त्यसको क्षतिपूर्ती ।

(ख) वातावरणमा प्रभाव परेको खण्डमा समितिले तोके बमोजिमको जरिवाना ।

(ग) घरपालुवा जनावर छाडा छोडेमा कानून बमोजिम जरिवाना हुनेछ ।

## परिच्छेद - ४
## विविध

**८. दण्ड र सजाय:**

(१) कसैले यस ऐनको देहाय बमोजिम कसुर गरेमा देहाय बमोजिमको सजाय हुनेछ ।

(क) उपदफा (३) र (४) विपरित चौपाया छाडा छोडेमा पाँच सय रुपैंयादेखि बिस हजार रुपैंयासम्म जरिवाना हुनेछ ।

(ख) खण्ड ‘क’ बमोजिम क्षतिपूर्ती नदिएमा त्यस्तो अटेर गर्नेलाई पाँच हजार रुपैंयादेखि बिस हजार रुपैंयासम्म जरिवाना हुनेछ । जरिवाना रकम तोक्ने अधिकार छाडा चौपाय व्यवस्थापन समितिलाई हुनेछ ।

(ग) यस ऐन अन्तर्गत बनेको नियमावली विपरित कुनै कार्य गरी त्यसबाट कसैको हानि नोक्सानी भएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजबाट नै भराईनेछ ।

**९. बिमा सम्बन्धी व्यवस्था:**

(१) यस ऐन बमोजिम घरधनीले आफूले पालेका चौपायाको बिमा समितिले तोकेको प्रकृया पुरा गरी त्यस्तो बिमा कार्य गर्न अख्तियार पाएको बिमा कम्पनीमा बिमा गर्न सक्नेछ ।

(२) बिमा गर्ने प्रकृयाका सम्बन्धमा बिमा समितिले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(३) यस ऐन बमोजिम व्यावसायिक रुपमा चौपाया पाल्न चाहेमा सम्बन्धीत निकायमा दर्ता हुनासाथ सोही मितिबाट लागु हुने गरी सम्बन्धीत बिमा कम्पनीले बिमा गर्न सक्नेछ ।

**१०. प्रचलित कानुन बमोजिम हुने:**

यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**११. नियम बनाउन सक्ने:**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

**१२. खारेजी र बचाउः**

संघ र प्रदेशको कानून संग बाझिएमा स्वतः खारेज भएको मानिने छ ।

**आज्ञाले,**
**बाबुराम पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**